# तुम्बेवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मौवा-३ , पाँचथर
१ नम्बर प्रदेश, नेपाल

# बढाबढको शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना

*पहिलो पटक प्रकाशित मितिः २०७६/११/१३*

यस तुम्बेवा गाउँपालिका सिमाना भएर बग्ने नया खोला, सावा खोला र धुवा खोलाको किनारमा रहेको क्षेत्रबाट ढुंगा र बालुवा संकलन तथा बिक्री गर्न तपसिल बमोजिमको उल्लेखित ठेक्का न्युनतम अंकमा नघट्ने गरि आ.व. २०७६/७७ को लागि यो सुचना प्रकाशित गरिएको छ।

| क्र. स. | ठेक्का नं: | ठेक्काको विवरण | न्युनतम बार्षिक ठेक्का अंक (मु.अ.क. बाहेक) | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | ०४/०७६/७७ | तुम्बेवा गाउँपालिका भएर बग्ने नया खोला, सवाखोला र धुवाखोलाको किनारमा रहेको क्षेत्रबाट ढुंगा र बालुवाको दिगो सङ्कलन / उत्खनन कार्यका लागि | ६,२७,००३.७०/- | १,०००/- |

शर्तहरु

- दरभाउपत्र फाराम यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी यस कार्यालयबाट कार्यालय समयमा खरिद गर्न सकिने छ ।
- दरभाउपत्र साथ आफुले कबोल गरेको अङ्कको ५%(पाँच प्रतिशत)ले हुने रकम यस कार्यालयको प्राइम कमर्सियल बैंक तुम्बेवा शाखा मौवा, स्थित धरौटी खाता नं .07400094CA मा जम्मा गरेको सक्कल भौचर, साथै राखी खाम बाहिर प्रष्ट बुझिने गरि ढुंगा र बालुवा संकलन तथा बिक्रि कार्यको शिलबन्दी दरभाउपत्र उल्लेख गरि व्यवसायी प्रमाणपत्र, स्थायी लेखानम्बर ,०७५/०७६ सम्मकोकर चुक्ताको प्रमाणपत्र,भ्याट दर्ता प्रमाण पत्र र सोघोषणापत्र समेत समावेश हुनुपर्नेछ । खरिद भएको दरभाउपत्र स्पष्टसँग भरि शिलबन्दी लाहाछाप लगाई यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ । दरभाउपत्र दाताले दरभाउपत्रमा कुनै संशोधन गर्न चाहेमा १६ औं दिनको १२:०० बजे भित्रमा संशोधन गरि पुन:दरभाउपत्र निवेदन दर्ता गराइसक्नु पर्नेछ ।
- रीतपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु एवं दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने काममा बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
- न्युनतम ठेक्का रकम अंक भन्दा घटी कबोल गरि सिलबन्दी दरभाउपत्र पेश गर्न पाईने छैन, साथै व्यवसायीबाट कुनै सर्त राखिएकोवा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन।
- वातावरण संरक्षण ऐन २०५३ को दफा ३ तथा नियमावली २०५४ को परिच्छेद २ बमोजिम सम्बन्धीत विषयहरु यस ठेक्काको सर्त मानी दुवै पक्षबाट पालना गरिने छ।
- कुनै कारण देखाइ ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार तुम्बेवा गाँउकार्यपालिका कार्यालयमा रहनेछ ।
- दरभाउपत्रदाताले दरभाउपत्रमा मूल्य अभिवृद्धिकर बाहेको ठेक्का अंक उल्लेख गर्नुपर्ने छ । प्रचालित कानुन बमोजिम लाग्ने कर दस्तुर लगायतको बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ ।
- दरभाउपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि राजस्व कार्यालयबाट कर चुक्ताको प्रमाण पेस गरेपछि मात्र फिर्ता दिइनेछ।
- ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाइ बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयंले बुझाउनुपर्ने छ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाउने छैन। ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। बिचैमा ठेक्का तोडेमा असुल हुन बाँकी रकममा १०% व्याज जोडि असुल उपर गरिनेछ। यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेभन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल गरिनेछ ।
- यस ठेक्का सम्वन्धि कुनै विवाद सिर्जना भएमा तुम्बेवा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।
- यस ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०७७ जेष्ठ मसान्त सम्म कायम हुनेछ ।
- अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको समय भित्र सम्पर्क राख्न सकिने छ ।
- माथि उल्लेखित शर्तहरु बाहेक केहि छुटेमा आर्थिक कार्यविधि ऐन २०५५ लाई आधार मानिने छ ।
- यस सम्वन्धमा अन्य जानकारी लिन चाहेमा कार्यालय समय भित्र फोन नं. ९८०१४४५९३१, ९८४९९५७२५५, ९८१५०३३४९६मा सम्पर्क राख्न सकिनेछ ।